# ४ अरुहरुसँग हाम्रो आपसी सम्बन्ध

***यस अध्यायका मूल पदहरू:*** १ पत्रुस २:१३-२३, १ पत्रुस ३:१-७, १ कोरन्थी ७:१२-१६, गलाती ३:२७,२८, प्रेरित ५:२७-३२ र लेबी १९:१८।
***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** **"८ सबैभन्दा बढ़ी एक-अर्काप्रति तिमीहरूको प्रेम अत्यन्त गहिरो होस्। किनकि प्रेमले नै असंख्य पापहरूलाई क्षमा दिएर मेटिन्छ।" (१ पत्रुस ४:८ रूपान्तरित)।**

**पत्रुसले आफ्नो समयकालमा अत्यन्त जटिल सामाजिक विषयबस्तुहरूलाई मध्यनजरमा राखेर सम्बोधन गरेको १ पत्रुसमा पाइन्छ।** एउटा उदाहरणमा, दुष्ट, निर्दयी (वा आतङ्ककारी) र कठोर सरकारको नागरिक भएर इसाईहरू कसरी जिउने? पत्रुसले के गर्ने भनेर आफ्ना पाठकहरूलाई सुनाउँछन्? दुई हजार बर्ष पहिले बोलेको वचन नै भएपनि बर्तमान समयमा हामी येशूभक्तहरूको निम्ति के त्यो अर्थपूर्ण छ त?

येशू र उहाँका चेलाहरूले तत्कालिन सामाजिक प्रचलनमा रहेको दासप्रथाको बिरुद्धमा आवाज नउठाएको परिप्रेक्ष्यमा इसाई दासहरूले अनुचित र कठोर व्यवहार आफ्ना मालिकहरूबाट खप्नु पर्दा तिनीहरूले के गर्ने? वर्तमान रोजगारी पाउने मानिसहरू र तिनीहरूलाई राजगारी दिने हाकिमहरूको सम्बन्ध पत्रुसको समयमा प्रचलित दासत्वभन्दा फरक छ। यद्यपि, आफूले रोजगारी पाएका मालिकहरूबाट अनुचित, अन्यायी र कठोर व्यवहार खप्न वाध्य भएका इसाई कर्मचारीहरूको निम्ति पनि पत्रुसको वचन अर्थपूर्ण भएको मान्नुपर्छ। ती सबै कुरामा पत्रुसले येशूतिर औँल्याएको अत्यन्त सान्दर्भिक मान्नुपर्छ। जब ठूलाठाला मानिसहरूले इसाईहरूलाई अन्यायपूर्वक व्यवहार गर्छन्, त्यसको सामना कसरी गर्ने भनेर हेर्न येशू नै धरोहरको रूपमा अनुकरणीय उदाहरण बन्नुभएको पत्रुसले जिकिर गर्दछन् (१ पत्रुस २:२१-२४)।

श्रीमान र श्रीमतीको बीचमा कस्तो सम्बन्ध हुनुपर्छ? एकले अर्कालाई कस्तो व्यवहार गर्ने? विशेष गरेर धार्मिक आस्था समेत गरेर अरू बिषयहरूमा कुरा मिलेन भन्दैमा एक आपसमा समझदारी भएर चल्ने?

अन्तमा इसाईहरूले सरकारसँग कसरी सम्बन्ध राख्ने? इसाई आस्थाको बिपरित नीतिनियमहरू लाद्ने, इसाई आस्थालाई कुल्च्याउने, दुष्ट, खराब सरकार तथा प्रशासनहरूको सामना येशूभक्तहरूले कसरी गर्ने?

## १. चर्च र सरकार (१ पत्रुस २:१३-१७)

बाइबल लेखिएको धेरै वर्ष भयो। तर त्यसमा चर्चा गरिएका विषयबस्तुहरू अहिले पनि सान्दर्भिक छन्। त्यसको अर्थ बर्तमान परिस्थितिमा जुन विषयहरूलाई हामीले सामना गरिरहेका छौं त्यो बाइबलको समयमा सामना गरिरहेका थिए, जसले गर्दा बाइबलमा उल्लेख गरिएका नीतिहरू "पुरानो जमानाको निम्ति" भनेर पन्छाउनु उचित छैन। तत्कालिन र आजका विभिन्न समसामयीब विषयबस्तुहरूमा इसाईहरू र तिनीहरूको सरकारसँगको सम्बन्ध पनि एक जल्दोबल्दो विषय हो।

**समुच्च रूपमा हामीहरूमाथि शासन गर्ने सरकारसँग हामीहरूको सम्बन्ध कस्तो हुनुपर्छ भनेर पत्रुसले १ पत्रुस २:११-१७मा बुझाउन खोज्छन्? हेर्नुहोसः "११ प्रियहरू, यस संसारमा तिमीहरू विदेशी र प्रवासीजस्तै छौ। तिमीहरूलाई बिन्ती गर्दछु, शरीरका चाहनाहरू पूरा गर्नतिर नलाग। यस्ता चाहनाहरू आत्माको विरोधमा सधैं लड्छन्। १२ अरू जातिका मानिसका माझमा तिनीहरूको चालचलन यस्तो राम्रो होस् कि तिनीहरूले तिमीहरूलाई नराम्रो भनेर दोस्याउँदा तिमीहरूका राम्रा काम चिन्न सकून् अनि परमेश्वरले न्याय गर्न आउनुहुँदा उहाँको प्रशंसा गरून्। १३ प्रभुको आदरको लागि सबै अधिकारीहरूका अधीनमा बस। राजाको अधीनमा बस, जससँग सर्वोच्च अधिकार हुन्छ १४ र अरू कुनै राजकाज चलाउनेहरूका अधीनमा पनि, जो नराम्रा काम गर्नेहरूलाई सजाय दिन र राम्रा गर्नेलाई इज्जत गर्न परमेश्वरबाटै खटाइएका हुन्। १५ मूर्खहरूले नबुझी बोलेका कुराहरू तिमीहरूका राम्रा कामले चुप गराएको परमेश्वर चाहनुहुन्छ। १६ स्वतन्त्र मानिसझैं बस, तर स्वतन्त्र छु भनेर नराम्रो कामचाहिँ नगर। बरु परमेश्वरको कमारो बन। १७ सबै मानिसको इज्जत गर। विश्वास गर्ने दाजुभाइहरूलाई माया गर। परमेश्वरको डर मान, राजाको आदर गर।"**

रोमी साम्राज्यको सिमानाभित्र रहेका जनताहरूले रोमी शासकहरू कतिको दुष्ट थिए भनेर सबैलाई थाहा थियो। निष्ठुर, कठोर र आतङ्क मच्चाउने मानिसहरूद्वारा रोमको साम्राज्य खडा भएको थियो। सैनिक बलको आधारमा ती मानिसहरूले आफ्ना योजनाहरू कार्यान्वन गरेका थिए। सुरो भएर तिनीहरूको बिरुद्धमा खडा हुने जो कोहीलाई पनि शक्ति प्रयोग गरेर दवाइएको

थियो। आफ्ना शत्रुहरूलाई अनेकन् सास्ती दिने तरिकाहरू आविष्कार गरेर रोमी सरकारले आफ्नो निष्ठुरताको पहिचान देखाएको थियो। आफ्नो विरुद्धमा उठ्ने शत्रुहरूलाई भयङ्कर सास्ती दिएर मार्ने तरिकामा तिनीहरूलाई क्रुसमा टाँगि दिनु पनि एक थियो। रोमी सरकारले नातावाद, कृपावाद आदिलाई उच्च प्राथमिकता दिएको थियो। नातावाद वा बन्धु पक्षपात ती शक्ति सम्पन्न अधिकारीहरूको नीति हो जसले योग्य व्यक्तिहरूलाई अनुचित रूपमा पन्छाएर आफ्ना नातेदारहरूलाई पदहरू दिन्छन् वा दया देखाउँछन्।

रोमी कतिको निष्ठुर, अन्यायी थियो भनेर पत्रुसलाई थाहा थियो। तै पनि रोमी सम्राटदेखि लिएर स्थानीय प्रशासक जस्तो मानवीय शक्तिप्रति बफादार हुन पत्रुसले आह्वान गर्दछन् (१ पत्रुस २:१३,१४ रूपान्तरित)।

जो गलत काम गर्छन् तिनीहरूलाई सजायँ दिन र असल गर्नेहरूलाई इनाम दिन ती सम्राट र प्रशासकहरू खटिएका हुन् भनेर पत्रुसले जिकिर गर्दछन् (१ पत्रुस २:१४ रूपान्तरित)। समाजको संरचनालाई सुरक्षित राख्न ती कामहरू गरेर ती नेताहरूले आफ्नो महत्त्वपूर्ण भूमिका खेलेका हुन् भनेर पत्रुसले भन्दछन्।

रोमी साम्राज्य त्रुटीपूर्ण थियो र त्यसले धेरै गल्तीहरू गरेको थियो। यद्यपि, त्यसले भरपर्दो समाजको सृजना गरेको थियो। बिदेशी शक्तिहरूको बारम्बार आक्रमणबाट रोमी सरकारले मानिसहरूलाई स्वतन्त्रता दिएको थियो। यसले अहिलेसम्म चलेका कतिपय सडकहरूको निर्माण गरेका थिए। सैनिकहरूलाई तलब दिन र थाम्न पैसा दिने प्रणालीको स्थापना गरेका थिए। यसले गर्दा मानिसहरू अघि बढ्ने वातावरण रोमले सृजना गरेको थियो। कतिपय समयमा केही मानिसहरू अन्यन्त धनी र सफल भएका थिए। हुनतः तिनीहरूको न्यायप्रणाली कठोर थियो। तर त्यो कानुनी आधारमा थियो। त्यसकारण ती कुराहरूलाई मध्यनजरमा राख्दा पत्रुसले रोमी सरकारप्रति गरेको टिप्पणी सही वा बुद्धिमानी थियो। वर्तमान समयमा नै किन नहोस्, कुनै पनि सरकार सिद्ध छैन। रोमी सरकार त झन थिएन। त्यसकारण इसाईहरू असल नागरिक हुनुपर्छ भनेर पत्रुसबाट हामी सिक्न सक्छौं। तिनीहरूले सकेसम्म आफ्नो देशको कानुनलाई पालन गर्नुपर्छ। आफूहरू बसेका देशका सरकार सिद्ध हुनुबाट टाढा भएतापनि इसाईहरू सकेसम्म आफ्ना देशप्रति बफादार हुनुपर्छ।

**येशूभक्त भनेर दावी गर्नेहरू आफूहरू बसेका देशको असल नागरिक हुन किन जरुरी छ? अपेक्षा गरिएका राजनैतिक परिस्थितिहरू जायजै**

नदेखिएतापनि इसाईहरू असल नागरिक भएर देखाउनुपर्छ। सानै रूपमा नै किन नहोस्, तपाईं बसेको समाजलाई तपाईंले कसरी सुधार्न सक्नुहुन्छ?

## २. मालिक र दासहरू (१ पत्रुस २:१८-२३)

**१ पत्रुस २:१८-२३पदहरूमा अत्यन्त समसामयिक र महत्त्वपूर्ण नीति पत्रुसले कोरेका छन्। वर्तमान परिप्रेक्ष्यमा हामीले पनि ती पदहरूमा उल्लेख गरेको नीतिलाई कसरी अबलम्बन गर्ने? हेर्नुहोस्: "१८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधिनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि। १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो के छ र? तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ।"**

यदि हामीले राम्रोसँग केलाएर पढ्यौं भने ती पदहरूले दासप्रथालाई समर्थन गरेको पाइन्दैन। बर त्यसबेला सामाजिक रूपमा परिवर्तन गर्न नसक्ने कठिन परिस्थितिहरूलाई मध्यनजरमा राखेर येशूभक्तहरूलाई आत्मिक सल्लाह पत्रुसले ती पदहरूमार्फत दिएको पाइन्छ।

"कमारा", "नोकर" वा "दास" भनेर अनुवाद गरिएको शब्द ग्रीक भाषामा *ओइकिटेस* (oiketes) हो। रोमी मालिकहरूको घर वा महलहरूमा काम गर्ने दासहरूलाई सम्बोधन गरेको भनेर त्यस शब्दले स्पष्टरूपमा बताउँछ। बिभिन्न सामाजिक वर्ग तथा समूहहरू मिलेर रोमी साम्राज्य बनेको थियो। समाजका ती वर्ग तथा समूहरूहरूमा दासचाहीं अत्यन्त तल्लो वर्गमा थिए। तिनीहरू कसैको व्यक्तिगत धन सम्पत्ति जस्तै तिनीहरू मालिकको सम्पत्ति थिए। तिनीहरूको सम्पूर्ण जीवन तिनीहरूको मालिकको नियन्त्रणमा थियो। तिनीहरूको मालिकले तिनीहरूलाई माया गर्न सक्थे र पशुलाई भन्दा पनि अत्यन्त निर्दयी व्यवहार पनि गर्न सक्थे।

तैपनि, तिनीहरूको स्वतन्त्रतालाई पैसाद्वारा किन्न सक्थ्यो। जो दास किनिएर स्वतन्त्र वा अमलेख पारिन्छ त्यसलाई "उद्धार गरिएको वा अरूले उसको ऋण तिरेर उसलाई छुट्कारा गरिएको" भनेर कहलाइन्थ्यो। प्रभु

येशूले हाम्रो निम्ति के गर्नुभयो सो वर्णन गर्न पावलले त्यो शब्दचित्रलाई प्रयोग गर्दछन्। (एफिसी १:७, रोमी ३:२४ र कलस्सी १:१४)।

इसाई चर्चको सुरुवातमा पहिला इसाईहरू दास तथा आर्थिक स्तरमा अत्यन्त तल्लो स्थानमा रहेको वर्ग थिए भन्ने कुरालाई हामीले सम्झनु जरुरी छ। येशूलाई विश्वास त गरियो तर तिनीहरूले आफ्नो सामाजिक स्तरलाई परिवर्तन गर्न नसकेको कारण तिनीहरू परमेश्वरप्रतिको आस्था र रोजिरोटीको बीचमा पस्रिएका थिए। दुर्भाग्यवस, इसाई नै भएतापनि धेरै दासहरू तिनीहरूको निर्दयी र अन्यायी मालिकहरूको हातबाट निर्मम वा क्रुर व्यवहार खप्नुपरेको थियो। ती विश्वासी दासहरू अत्यन्त कठिन परिस्थितिहरूको सामना गर्नुपरेको थियो। माया देखाउने मालिकहरूको हातमा पनि बेलाबेलामा तिनीहरूको कठोर व्यवहारलाई खप्नु पर्दथ्यो।

नयाँ करारमा उल्लेख गरिएका अरु ठाउँहरूमा जस्तै पत्रुसले पनि दास भएर बस्न वाध्य भएका इसाईहरूलाई त्यही सल्लाह दिन्छन्। इसाई दासहरूले तिनीहरूको मालिकको अधिनमा बस्नुपर्छ र तिनीहरू धैर्य हुनुपर्छ। अनेकौं कष्ठ सहनुपरेतापनि र धैर्य हुनुपरेतापनि येशूले आफूलाई समर्पण गर्नुभएको थियो (१ पत्रुस २:१८-२०)। गलत काम गरेर दुःख वा सजायँ सहनुपर्नेहरूलाई कसैले पनि तारिफ गर्दैन। अहँ, जब विश्वासीहरूले आफूले गलत काम नगर्दापनि कष्ट सहनुपर्दा वा तिनीहरूले अन्याय सहनुपर्दा पनि सहेर बस्दा तिनीहरूमा येशूको आत्मा रहेछ भनेर प्रमाणित गरेर देखाइरहेको हुन्छ। त्यसको अर्थ यदि कसैले दुर्व्यवहार गर्‍यो भने येशूले जस्तै सहने खुबी इसाईहरूमा हुनुपर्छ। दुर्व्यवहारको बदलामा दुर्व्यवहार नै गर्नुपर्छ भन्ने येशूभक्तहरूको नीति हुनुहुँदैन। तिनीहरूले कसैमाथि प्रतिशोधको भावना राख्नुहुन्न न त धम्क्याउनु नै हुन्छ। बरू तिनीहरूले आफूहरूलाई परमेश्वरमा सुम्पनु पर्छ जसको न्याय उहाँले उचित तरिकाले गर्नुहुनेछ (१ पत्रुस २:२३)।

**पत्रुसले दिएको सल्लाह हामीहरूको निम्ति कतिको उपयोगी छ? त्यसको अर्थ के हामीहरूको अधिकारको निम्ति हामी नउभिने?**

## ३. पतिहरू र पत्नीहरू (१ पत्रुस ३:१-७)

**पत्रुसले १ पत्रुस ३:१-७मा एक विशेष परिस्थितिको बारेमा चर्चा गरिरहेका छन्। अहिलेकै सन्दर्भमा पनि उनले भनेका वचनहरू कतिको अर्थपूर्ण छ? हेर्नुहोस्: "१ पत्नी हो, तिमीहरू पनि आफ्ना पतिका अधिनमा रहो, र यसरी तिनीहरूले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरूको आचरणले गर्दा**

**शब्दविना पनि तिनीहरूका मनको परिवर्तन हुन सक्छ। २ तिमीहरूका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरूको परिवर्तन हुनेछ। ३ केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरूको बाहिरी सिङ्गारपटार नहोस्। ४ तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ। ५ किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरूले पनि सिङ्गार गर्थे, र आफ्ना पतिका अधीनमा बस्थे। ६ साराले जस्तै, जसले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन्, यदि तिमीहरूले उचित काम गर्‍यौ र कुनै कुरामा भयभीत भएनौ भने तिमीहरू उनकै छोरीहरू ठहरिनेछौ। ७ पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरू जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरूका प्रार्थनामा बाधा नपरोस्।"**

पत्रुसले के विषयबस्तुलाई मध्यनजरमा राखेर ती पदहरू कोरेका हुन् भनेर ध्यान दिएर पढ्ने पाठकहरूले निकाल्न सक्छन्। १ पत्रुस ३:१मा परमेश्वरकोवचनमा विश्वास नगर्ने पतिहरूको बारेमा पत्रुसले चर्चा गरेको पाउँछौं। तसर्थ जब येशूलाई विश्वास गर्ने पत्नीले येशूलाई विश्वास नगर्ने पतीसँग वैवाहिक बन्धनमा बाँधेर बस्छिन् त्यसबेला के हुनुपर्दो रहेछ पत्रुसले यहाँ चर्चा गरेका थिए।

येशूप्रति विश्वास नगर्ने पतिसँग रहनुपर्दा इसाई पत्नीले धेरै कठिन परिस्थितिहरूको सामना गर्नुपर्ने हुन्छ। त्यस परिस्थितिमा येशूमा विश्वास गर्ने पत्नीले के गर्ने? के त्यस पत्नीले आफ्नो श्रीमानले येशूलाई विश्वास गरेन भन्दैमा उसलाई छोड्नुपर्छ भनेर पत्रुसले भनिरहेका छन्, जुन कुरो प्रेरित पावलले पनि समर्थन गर्दैन (१ कोरन्थी ७:१२-१६)। बरू येशूलाई विश्वासै नगरेतापनि उनीसँग अत्यन्त बफादार भएर र पवित्र जीवन बिताएर इसाई पत्नी बस्नुपर्छ भनेर पत्रुले सम्झाउँछन्। तिनीहरूको जीवन यस्तो अनुकरणीय उदाहरण हुनुपर्छ कि तिनीहरूको जीवनलाई देख्दा अरू पनि तिनीहरू जस्तै हुन र जिउन इच्छा व्यक्त गरोस्।

रोमी पत्नीहरूले सम्पत्तिमाथि तिनीहरूको कानुनी अधिकार थियो। यदि तिनीहरूलाई कसैले अनुचित व्यवहार गरेमा त्यसलाई ठिक पार्न तिनीहरूलाई कानुनी अधिकार दिइएको थियो। तर प्रथम् शताब्दीका कुनै कुनै समाजमा महिलाहरूलाई राजनैतिक र सरकारी सेवाहरूमा सहभागी हुन मनाही गरिएको थियो। प्रायजसो सबै धार्मिक समूहहरूमा महिलाहरूको नेतृत्वलाई

अस्वीकार गरिन्थ्यो। त्यसकारण जुनसुकै परिस्थितिमा इसाई पत्नीहरू गुज्रनुपरेतापनि तिनीहरूले आदरपूर्वक व्यवहार गरेर बस्नुपर्छ भनेर पत्रुसले आग्रह गर्दछन्। शुद्ध जीवन यापन गर्दै र परमेश्वरप्रति श्रद्धा भक्ति देखाउँदै रहनुपर्छ भनेर पत्रुसले इसाई महिलाहरूलाई उत्साहित बनाउँछन् (१ पत्रुस ३:२)। कपाल बाँध्ने शैली, गरगहना लगाउने बानी र महँगो लुगाहरू लगाउने चाहना भन्दा भित्री गुण तथा सौन्दर्यहरूप्रति वढी चासो देखाउनुपर्छ भनेर पत्रुसले इसाई महिलाहरूलाई आग्रह गर्छन्। अर्थात् इसाई पत्नीको जीवन यस्तो हुनुपर्छ कि उनको आस्थाको कारण उनको पतिपनि प्रभुतिर आकर्षित हुनसकोस।

पतिहरूले आफ्ना पत्नीहरूलाई कुनै पनि तवरले दुर्व्यवहार वा दमन गर्ने अधिकार छ भन्ने स्वतन्त्रता पत्रुसका वचनहरूले आभास् दिँदैनन्। बरू आफ्ना पत्नीहरूप्रति कोमल हुनुपर्छ र तिनीहरूलाई दयालु भावनाले प्रेरित भएर व्यवहार गर्नुपर्छ भनेर पत्रुस औंल्याउँछन् (१ पत्रुस ३:७)। हुनत, इसाई महिलाले येशूलाई विश्वास नगर्नेहरूसँग बिवाह गर्दा कस्तो परिस्थितिको सामना गर्नुपर्दोरहेछ भनेर पत्रुस त्यसप्रति संवेदनशील भएको देखाउँछ। तर त्यसैवखत इसाई बिबाहको पक्का आदर्श नमुना पनि पत्रुसले देखाउन खोजेको पाइन्छ। इसाई दम्पत्ति एक आपसमा सहयोग गरेर जिउनुपर्छ भनेर पत्रुसले सम्बोधन गरेको पदहरूमा पाइन्छ। तिनीहरूको प्रत्येक दिनको कामले र एक आपसको व्यवहारले तिनीहरूले परमेश्वरप्रतिको सम्मान देखाउनुपर्छ र उहाँको महिमालाई मध्यनजरमा राखेर चल्नुपर्छ। परिवारको मिलनमा र एक आपसको समझदारीमा चल्न सक्नु नै परमेश्वरलाई देखाउने एक प्रकारको आराधना हो।

## ४. सामाजिक सम्बन्ध (रोमी १३:१-७)

**१ पत्रुस २:११-३:७समेत गरेर पावलले व्यक्त गरेका येशूभक्तहरूका निम्ति पालन गर्नुपर्ने शिक्षाहरू पढ्नुहोस्। त्यसमा पत्रुस र पावल एक आपसमा कसरी सहमत छन् वा असहमत छन्? हेर्नुहोस्: १ पत्रुस २:११-३:७ "११ प्रिय हो,म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्। १३ प्रभुको खातिर मानिसको हरेक**

शासनको अधीनमा बस, चाहे त्यो सर्वोच्च राजाको होस्, १४ अथवा हाकिमहरूको होस्, जो दुष्ट काम गर्नेहरूलाई दण्ड दिन र असल काम गर्नेहरूलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन्। १५ किनकि परमेश्वरको इच्छा यही छ, कि असल गरेर नै तिमीहरूले मूर्ख मानिसहरूको अज्ञानतालाई चूप गराउनुपर्छ। १६ स्वतन्त्र मानिसहरूझैं जीवन बिताओ। स्वतन्त्रतालाई कुकर्म गर्ने बहाना नबनाओ, तर परमेश्वरका दासहरूझैं भएर चल। १७ सबै मानिसहरूलाई आदर गर। भाइबन्धुलाई प्रेम गर। परमेश्वरसँग डराओ। राजाको आदर गर। १८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधीनमा बस। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर निर्दयीहरूका अधीनमा पनि। १९ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। २० किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सह्यौ भने यसमा ठूलो कुरो के छ र? तर तिमीहरूले असल गरेर पनि दुःख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, २१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" २३ तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरू झैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।".. "१ पत्नी हो, तिमीहरू पनि आफ्ना पतिका अधीनमा रहो, र यसरी तिनीहरूले वचन पालन नगरे तापनि आफ्ना पत्नीहरूको आचरणले गर्दा शब्दविना पनि तिनीहरूका मनको परिवर्तन हुन सक्छ। २ तिमीहरूका जीवनको शुद्धता र श्रद्धा देख्दा तिनीहरूको परिवर्तन हुनेछ। ३ केशको सिङ्गार, सुनको गहनापात र दामी वस्त्र तिमीहरूको बाहिरी सिङ्गारपटार नहोस्। ४ तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ। ५ किनकि यही किसिमले अघिअघि परमेश्वरमा आशा राख्ने पवित्र स्त्रीहरूले पनि सिङ्गार गर्थे, र आफ्ना पतिका अधीनमा बस्थे। ६ साराले जस्तै, जसले अब्राहामलाई स्वामी भनेर तिनको आज्ञापालन गर्थिन्, यदि तिमीहरूले उचित काम गऱ्यौ र

कुनै कुरामा भयभीत भएनौ भने तिमीहरू उनकै छोरीहरू ठहरिनेछौ। ७ पति हो, त्यसै गरी आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरू जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरूका प्रार्थनामा बाधा नपरोस्।", रोमी १३:१-१० "१ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस्। परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्। २ यसकारण प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। ३ किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ। ४ किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्। तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। ५ यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ। ६ यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। ७ तिर्नुपर्ने कुरा सबैलाई तिर, कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर। ८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। ९ "तिमीले व्यभिचार नगर, तिमीले हत्या नगर, तिमीले चोरी नगर, तिमीले लोभ नगर, " यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तिमीले आफ्नो मेकीलाई आफूलाई जस्तै प्रेम गर्।" १० प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।", एफिसी ५:२२-३३ "२२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्। २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र

उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्। २८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं। ३१ "यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।" ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु। ३३ जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्।", १ कोरन्थी ७:१२-१६ "१२ तर तिमी अरूहरूलाई म भन्दछु (यो मेरो भनाइ हो, प्रभुको होइन), यदि कुनै भाइकी ख्रीष्टमा विश्वास नगर्ने पत्नी छ, र तिनी उनीसित बस्न चाहन्छिन् भने, उसले त्यसलाई नत्यागोस्। १३ यदि कुनै स्त्रीको ख्रीष्टमा विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न चाहन्छ भने, तिनले आफ्नो पतिलाई नत्यागोस्। १४ किनकि अविश्वासी पति आफ्नी पत्नीद्वारा पवित्र हुन्छ, र अविश्वासी पत्नी आफ्नो पतिद्वारा पवित्र हुन्छे, नत्रता तिनीहरूका छोरा-छोरीहरू अशुद्ध हुनेछन्, तर वास्तवमा तिनीहरू त पवित्र छँदैछन्। १५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस्। यस्तो अवस्थामा त्यो इसाई पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन। किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो। १६ हे पत्नी, तिमीलाई के थाहा! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छ्यौ कि? अथवा हे पति, तिमीलाई के थाहा! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि?" र गलाती ३:२७,२८ "२७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ।"

१ पत्रुस २:११-३:७मा पत्रुसले सम्बोधन गरेका केही त्यही विषयहरू छन् जुन पावलले पनि सम्बोधन गरेका थिए। पावलले भनेका कुराहरू प्रायजसो १ पत्रुसमा पत्रुसले भनेका जस्तै थिए। उदाहरणमा पावल र पत्रुसले आफ्ना पाठकहरूलाई यो आग्रह गर्दछन् "शासक वा अगुवाहरू जसले तिमीहरूमाथि रजाइँ गर्छन् तिनीहरूका आदेशहरू पालन गर" (रोमी १३:१ रूपान्तरित)। मानिसहरूमाथि प्रभुत्व जमाउने अगुवा अर्थात् शासकहरूलाई

परमेश्वरले नै खटाउनुहुन्छ। शासकहरूको काम असल काम गर्नेहरूलाई होइन खराब काम गर्नेहरूलाई सजाय दिने काम हो। त्यसकारण यदि तपाईं येशूभक्त हुँ भनेर दावी गर्नुहुन्छ भने, "कसैको ऋणी नहोओ। के तिमीहरूले कर तिर्नुपर्छ? तब तिर। के तिमीहरूले कसैलाई सम्मान गर्नुपर्छ? तब सम्मान गर। के तिमीहरूले कसैलाई श्रद्धा देखाउनुपर्छ? तब देखाऊ " (रोमी १३:७ रूपान्तरित)।

येशूलाई विश्वास नगर्ने पतिहरूसँग बस्दा तिनीहरूसँग संवेदनशील भएर पतिभक्त होऊ र पवित्र जीवन बिताऊ भनेर पावलले पत्रुससँग सहमति जनाउँछन्। पत्नीहरूको शुद्ध, सहनशील र पवित्र आचरणले पतिहरू पनि चर्चमा समावेश हुन सक्छन् (१ कोरन्थी १२-१६)। आदर्श इसाई परिवार कस्तो हुनुपर्छ भनेर हामीलाई पावलले भन्दछन्। एउटै चासोका विषयबस्तुहरू र भावनाहरू दम्पत्तिहरूको बीचमा बाँड्ने सक्ने हुनुपर्छ। पतिले आफ्नो श्रीमतीलाई चर्चलाई येशूले प्रेम गरेको जस्तो प्रेम गर्नुपर्छ (एफिसी ५:२५ जुन् त्यागी प्रेम हो)। अझ, दासहरूलाई त आफ्ना सांसारिक स्वामीहरूको येशूको वचनलाई पालन गरे जस्तै वचनहरू पालन गर्नुपर्छ (यसमा दास राख्ने स्वामीहरूलाई येशू जस्तै हुन चुनौति दिइएको छ-अनुवादकको टिप्पणी) (एफिसी ६:५)।

त्यसको अर्थ समाज सुधारको नाउँमा आन्दोलन गर्ने नभएर समाजमा नै चलिरहेका चलनचल्तीहरूसँग मिलेर पावलले काम गर्न चाहेका थिए। कुन् सामाजिक संस्कारहरू बदल्न सकिन्छ वा कुन् बदल्न सकिँदैन भनेर पावललाई थाहा थियो। समाजमा मानिसहरूलाई हेर्ने दृष्टिकोणलाई इसाईहरूले केही न केही रूपमा परिवर्तन गर्न सक्छन् भनेर पावलले देखेका थिए। त्यही रूपमा येशूले पनि समाजले तत्कालिन पालन गरेका नीतिनियमहरूसँग मिलेर काम गर्नुभएको थियो। समाजलाई परिवर्तन गर्ने नाउँमा उहाँले न त कुनै सामाजिक आन्दोलन गर्न प्रयास गर्नुभयो न त राजनैतिक आन्दोलन। न त पत्रुसले न त पावलले समाजलाई परिवर्तन गर्ने नाउँमा सामाजिक वा राजैनैतिक आन्दोलन मच्चाएका थिए। बरू समाजमा रहेका परमेश्वरका भक्तहरूको असल आचरणले समाजलाई परिवर्तन गर्न प्रभाव पार्न सक्छन् भने ती येशूभक्त योद्धाहरूले ठोकुवा गरेका थिए। तिनीहरूको प्रभावले आफ्ना घरपरिवारदेखि समाजमा रहेका मानिसहरूलाई मात्र होइन अरूहरूलाई पनि परिवर्तन गर्न सक्छन् भनेर तिनीहरूले विश्वास गरेका थिए।

येशूभक्त भएको नाताले उहाँले हामीलाई के गर्नुभयो सो आत्मसात् गरेर अरूसँगको हेलमेलमा तिनीहरूलाई पनि येशूले के गर्न सक्नुहुन्छ भनेर कसरी देखाउने? हेर्नुहोस् फेरि गलाती ३:२७-२९ "२७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।

## ५. इसाईहरू र आफ्ना समाज तथा देशका कानुन पालन (प्रेरित ५:२७-३२)

मानवीय संगठन र सरकारका नीतिनियमहरू सिद्ध छैनन् र कतिपय समयमा त्रुटीपूर्ण छन् भनेर दुवै पावल र पत्रुसलाई थाहा थियो। अझ कतिपय समयमा त पापले ती कानुनहरू बटारिएका हुन्छन्। दुवैले सरकारी र धार्मिक अगुवाहरूबाट नराम्रो अन्याय सहनुपरेको थियो। त्यस्तो भएतापनि दुवै पावल र पत्रुसले इसाईहरूलाई मानवीय शासकहरूको आज्ञा पालन गर्न )आग्रह गर्छन् (१ पत्रुस २:१२-१७, रोमी १३:१-१०)। इसाईहरूले कर तिर्नुपर्छ भनेर दुवै पावल र पत्रुसले भन्दछन्। इसाईहरूले सकेसम्म असल नागरिक बन्न कोशिश गर्नुपर्छ।

पत्रुसले १ पत्रुस २:१३-३२मा शासकवर्गहरूको आज्ञा पालन गर भन्दछन् तर प्रेरित ५:१७-४१मा पत्रुस र अरू प्रेरितहरूले तिनीहरूमाथि शासन गर्ने धार्मिक पण्डितहरूको सामना कसरी गरे? तिनीहरूले यो किन भने "हामीले मानिसहरूको भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्छ"? हामीहरूको जीवनमा सबै थोकभन्दा परमेश्वरको आज्ञा पालन गर्न किन प्राथमकिता पाउनुपर्छ? हेर्नुहोस् "१७ प्रधान पूजाहारी र तिनीसँग हुने सबै (जो सदुकी पन्थका थिए) डाहले भरिएर प्रेरितहरूका विरुद्धमा खड़ा भए, १८ र तिनीहरूलाई पक्रेर सार्वजनिक झ्यालखानमा हालिदिए। १९ तर प्रभुका एउटा दूतले राती झ्यालखानका ढोकाहरू खोलिदिए, र तिनीहरूलाई बाहिर ल्याएर भने, २० "जाओ र मन्दिरमा खड़ा भएर यस जीवनका सारा सन्देश मानिसहरूलाई सुनाओ।" २१ यो सुनेपछि तिनीहरू एकाबिहानै मन्दिरभित्र पसे र शिक्षा दिन थाले। तर प्रधान पूजाहारी र तिनीसँग हुनेहरू आए, र महासभा, अर्थात् इस्राएलीहरूको सम्पूर्ण सभाका सबैलाई बोलाए, र प्रेरितहरूलाई झ्यालखानबाट ल्याउन मानिसहरू पठाए। २२ तर अफिसरहरूले तिनीहरूलाई झ्यालखानमा नभेट्टाउँदा फर्की आएर यो खबर दिए, २३ "हामीले झ्यालखानमा सुरक्षितसाथ ताला लाएका र

पालेहरू ढोकाहरूमा खड़ा भएकै देख्यौं, तर ढोका उघार्दा हामीले भित्र कसैलाई
भेट्टाएनौं।" २४ जब मन्दिरका कप्तान र मुख्य पूजाहारीहरूले यो खबर सुने तब
यी सबको नतिजा के हुने हो भनी तिनीहरू प्रेरितहरूका विषयमा अन्योलमा
परे। २५ तर कोही एक जनाले आएर तिनीहरूलाई भन्यो, "हेर्नुहोस्, तपाईंहरूले
जुन मानिसहरूलाई झ्यालखानमा राख्नुभएको थियो तिनीहरू मन्दिरमा खड़ा भएर
मानिसहरूलाई शिक्षा दिइरहेछन्।" २६ तब अफिसरहरूका साथमा कप्तान
गईकन तिनीहरूलाई बलजफत नगरिकन ल्याए, किनभने मानिसहरूले
तिनीहरूलाई ढुङ्गाले हान्लान् भनी तिनीहरू डराए। २७ उनीहरूले तिनीहरूलाई
ल्याएर महासभाको अगाडि खड़ा गराए, र प्रधान पूजाहारीले तिनीहरूलाई सोधे,
२८ "हामीले तिमीहरूलाई यस नाउँमा केही शिक्षा नदिने कड़ा आज्ञा दिएका
थियौं, तर तिमीहरूले आफ्ना शिक्षाले सारा यरूशलेम भरिसक्यौ, र त्यस
मानिसका रक्तपातको दोष हामीमाथि ल्याउन चाहन्छौ।" २९ *तर पत्रुस र*
*प्रेरितहरूले भने, "हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन*
*गर्नैपर्छ।* ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित
पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले
इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई
राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी
सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई
परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।" ३३ तर जब
उनीहरूले यो सुने तब उनीहरू साह्रै रिसाए, र तिनीहरूलाई मार्न खोजे। ३४
तर व्यवस्थाका पण्डित र जनतामा माननीय गमलिएल नाम भएका फरिसीले
महासभामा उठेर तिनीहरूलाई केही बेर बाहिर जाने आदेश दिए, ३५ र उनले
महासभाका मानिसहरूलाई भने, "इस्राएली हो, यी मानिसहरूलाई तपाईंहरूले जे
गर्न आँट्नुभएको छ, त्यसमा होसियार हुनुहोस्। ३६ किनकि आजभन्दा अघि
पनि थूदासले कोही हुँ भन्ने दाबी गऱ्यो र प्रायः चार सय मानिसहरू त्यसको
पछि लागे। त्यो मारियो, र त्यसको पछि लाग्नेहरू सबै छरपष्ट भए र सब
व्यर्थ भयो। ३७ यस मानिसपछि जनगणनाको समयमा गालीलको यहूदा भन्ने
खड़ा भयो, र कतिपय मानिसहरूलाई आफूतिर खिँच्यो। त्यो पनि नष्ट भयो, र
त्यसलाई मान्नेहरू यताउता छरिएर गए। ३८ अहिलेको यस मामिलामा म
तपाईंहरूलाई भन्दछु, कि यी मानिसहरूबाट अलग बस्नुहोस्, र यिनीहरूलाई
छोडिदिनुहोस्, किनकि यिनीहरूको यो योजना अथवा यो काम मानिसहरूबाट
रहेछ भने त्यो आफै मेटिनेछ। ३९ तर यदि यो परमेश्वरबाट हो भनेता

**तपाईंहरूले यसलाई रोक्न सक्नुहुन्न। नत्रता तपाईंहरू परमेश्वरको विरुद्धमा उठेका ठहरिनुहुनेछ।" ४० तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र "येशूको नाउँमा नबोल्नू" भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए। ४१ तब येशूको नाउँमा अपमान सहने योग्यका ठहरियौं भन्ने कुरामा आनन्द मनाउँदै तिनीहरू महासभाको उपस्थितिबाट निस्केर गए।"**

जब सुरूमा येशूको बारेमा प्रचार गरिन्दा इसाई चर्च तिब्र रूपमा बढेको थियो त्यसले गर्दा पत्रुस र यूहन्ना पक्राउमा परेका थिए। शासक वर्गहरू, धार्मिक अगुवाहरू र पण्डितहरूले तिनीहरूसँग येशूको बारेमा प्रचार गर्दा घोर आपत्ति जनाएका थिए। त्यसपछि येशूको बारेमा प्रचार नगर्न कडा निर्देशन दिएर तिनीहरूलाई छोडेका थिए (प्रेरित ४:५-२३)। तिनीहरूले शासकहरूको कुरा नमानी प्रचार गरिरहँदा पत्रुस र यूहन्नालाई फेरि तुरन्तै समातेका थिए। तिनीहरूले आधिकारिक मानिसहरूको निर्देशन किन पालन गरेनन् भनेर स्पष्टिकरण मागेका थिए (प्रेरित ५:२८)। पत्रुसले तिनीहरूलाई यसरी ठाडो जवाफ दिए "हामीले मानिसहरूको होइन बरू परमेश्वरको आज्ञालाई मान्नुपर्छ" (प्रेरित ५:२९ रूपान्तरित)।

**पत्रुसले ती शासकहरूलाई दिएको जवाफबाट के महत्त्वपूर्ण सत्यलाई हामीले पनि आत्मसात् गर्नुपर्छ?**

एकातिर शासकहरूको कुरा सुन्नुपर्छ तर पछि तिनीहरूको भन्दा परमेश्वरको कुरा सुन्नुपर्छ भन्दा पत्रुस पाखण्डी भएको भन्न मिल्दैन वा पत्रुसले आफ्नो कुरो आफैले काटेको भन्न मिल्दैन। पाखण्डी त्यो व्यक्ति हो जसले एउटा कुरा भन्छ तर गर्ने बेलामा अर्कै गर्छ अर्थात् मुखले नीतिका कुराहरू गर्ने तर पछाडि ठिक त्यसको उल्टो काम गर्ने। तर यदि हामीले मानिस वा परमेश्वरको पछि लाग्ने निर्णय गर्नुपर्‍यो भने के गर्ने? हामीले गर्नुपर्ने निर्णय स्पष्ट छ, त्यो हो हामीहरूको प्राथमिता परमेश्वरको पछि लाग्नु। जब सम्म परमेश्वरको वचन र सरकारको नीतिहरू बाझिँन्दैनन् तब सम्म येशूभक्तहरूले सरकारको कुरा मान्नुपर्छ र समर्थन गर्नुपर्छ। तिनीहरूले आफू रहेको देशको कानुनको पालन गर्नुपर्छ र आफ्नो सरकारलाई सहयोग गर्नुपर्छ किनभने सरकारले पनि सामाजिक परिवर्तन गर्न खोजेको हुन्छ।

**लेबी १९:१८मा भनिएको छ "१८ "आफ्ना आफन्तहरूसित बदला लिन नखोज र रिसिबी नराख, तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। म परमप्रभु हुँ।" र त्यसलाई समर्थन गर्दै येशूले मत्ती २२:३७-४०मा यसरी**

**भन्नुभएको छ "३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।" उपरोक्त पदहरूले हामीलाई हामीहरूका छिमेकीलाई आफूलाई जस्तो प्रेम गर भनेर निर्देशन दिएको छ। त्यस आज्ञाले तपाईंको छिमेकीको जीवनलाई सहज बनाउन र तिनीहरूलाई उचित व्यवहार गर्ने कदममा परिवर्तन ल्याउन तपाईंमा के परिवर्तन हुनुपर्छ?**

### उपसंहारः

**थप जानकारीः यदि** कोही दास वा दासी भाग्यो भने त्यसलाई समातेर आफ्नो मालिकलाई सुम्पिनुपर्छ भनेर सय वर्ष अघि अमेरिकाको कानुन थियो। त्यो एलेन जी ह्वाइटकै समयमा लागु भएको थियो। तर एलेन जी ह्वाइटले त्यस कानुनको खुलारूपमा बिरोध गरेकी थिइन्। सजाय पाउने भएतापनि एडभेन्टिस्टहरूले त्यो कानुनको पालन नगर्न उनले भनेकी थिइन्। "यदि मानिसको कानुन वा व्यवस्था परमेश्वर र बाइबलको नीति बिरुद्धमा छ भने के गर्ने? तब हामीले बाइबल र परमेश्वरको व्यवस्थालाई सर्वोपरि राखेर चल्नुपर्छ। जे परिणाम भएतापनि हामीले बाइबललाई पालना गर्नुपर्छ। हामीहरूको देशको (अमेरिका) कानुनले दासलाई मालिकको हातमा सुम्पनु पर्छ भनेर भन्दछ। तर हामीले त्यो कानुनलाई मान्नु हुँदैन। त्यो कानुनको बिपरितमा रहँदा खप्नुपर्ने परिणाम अनुसार हामी जिउनुपर्ने हुन्छ। कुनै पनि दास कोही मानिसको सम्पत्ति होइन। परमेश्वरमात्र उसको सही आधिकारिक स्वामी हो। परमेश्वरले सृष्टि गर्नुभएको कोही मानिस पनि कसैले मेरो हो भनेर दावी गर्ने अधिकार छैन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. २०१,२०२बाट रूपान्तरित।

### चिन्तनमननः

**अ. के इसाई भयो भन्दैमा आफ्नो अधिकारको निम्ति कहिल्यै नउभिने? तर चिन्तन गर्ने क्रममा हामीहरूको अधिकार भनेको के हो सो पनि सोचौं।**

**आ. कतिपय समयमा समाजको असलको निम्ति परिवर्तन ल्याउन इसाईहरूले नै अग्रणी भूमिका खेलेको पाइन्छ। त्यसका केही**

उदाहरणहरू के तपाईंलाई थाहा छ? ती उदाहरणहरूबाट हामीले के सिक्न सक्छौं?

इ. १ पत्रुस २:१७मा भनिएको छ "सम्राट्को सम्मान गर" (रूपान्तरित)। त्यसबेलाको रोमी सम्राट् सायद निरो थिए होलान् जो अत्यन्त दुष्ट र क्रुर शासकहरूमा एक थिए। बर्तमान परिप्रेक्ष्यमा त्यस पदको अर्थ हामीलाई के छ? अब त्यस पदको सुरूमा पत्रुसले के भनेका थिए सो पढ्नुहोस्, "सबैलाई उचित सम्मान देखाऊ" (रूपान्तरित)। पत्रुसले व्यक्त गरेका पदको त्यस भागलाई हामीले कसरी राम्ररी बुझ्ने जसले गर्दा हामीले हामीहरूको देशका शासकलाई मान देखाउन सक्छौं?

ई. १ पत्रुस २:२१-२५ पढ्नुहोस्। ती पदहरूमा सुसमाचारको सन्देश कसरी देखाइएको छ? त्यसबाट हामीलाई के आशा प्रदान गरिएको छ? त्यसले हामीलाई के गर्नुपर्छ भनेर आह्वान गरिएको छ? हेर्नुहोस्: "२१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" २३ तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन। दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो। २४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।"

# परिवर्तित जीवन-भाग १

नाइजेरियाकी युवती मनसुरत उनको एक छिमेकी देखेर उनमा उत्सुकता जागेको थियो। त्यो छिमेकी अरू जस्तो शुक्रबार मस्जिदमा जान्दैनथ्यो। तर ऊ खुशी देखिन्थ्यो। अरूभन्दा ऊ किन फरक देखिन्छ भनेर उनको मनमा कौतुहलता जागेको थियो। जब बाटोमा उसलाई भेटथिन् तब उनले त्यस छिमेकीलाई अभिवादन गर्थिन्। उसले घरमा आफ्नो परिवारलाई सघाएर काम गरेको पनि उनले हेरिरहन्थिन्। आखिरमा आट गरेर एक दिन त्यस छिमेकीलाई सोधिन्, "हैन, तपाईंले कुन आस्था मानिरहनुभएको छ?" त्यो प्रश्नले मनसुरतको मन जलिरहेको थियो।

"म सेभेन्थ-डे एडभेन्टिस्ट हुँ" उसले जवाफ दियो। मनसुरतले एडभेन्टिस्टको बारेमा कहिल्ये पनि सुनेकिथिइनन्। उसले उनलाई एलेन जी ह्वाइटद्वारा लिखित *ख्रीष्टमा कदमहरू* भन्ने पुस्तक दियो जुन् उनले लिइन्। जब उनी एक्लै थिइन् तब उनले त्यो पुस्तक लिएर पढ्न थालिन्। उनको आमाबाबुले पढ्न लेख्न नजानेको भएतापनि यदि उनले इसाई पुस्तक पढेकी थाहा पाएभने तिनीहरू रिसाउनेछन् भनेर उनलाई थाहा थियो। त्यसकारण उनले त्यस पुस्तकलाई लुकाएर राखिन्।

मनसुरत बोर्डिङ्ग स्कुलमा पढ्थी र त्यो स्कुल उनको निम्ति धेरै रमाइलो थियो। स्कुलको पढाइको सिलसिलामा आफ्नो छिमेकीको अनौठो आस्थाको बारेमा बिर्सिइन्। तर जब लामो छुट्टीमा उनी घर फर्किन् तब उनले त्यस छिमेकीलाई देखिन् र अभिवादन गरिन्। एक दिन उनलाई आफ्नो चर्चमा आउन उसले निम्तो दियो।

हृदयदेखि चित्त दुखाएर उनले भनिन्, "म जान सक्दिन, शनिबार बिशेष कक्षा संचालन हुन्छ। किनभने म हाइस्कुलको जाँचको निम्ति तयार गर्दैछु।" उनको छिमेकीको आँखामा नैराश्यता देखेकीले उनले भनिन्, "पर्खनुहोस्, तपाईंको चर्च कस्तो छ सो म हेर्न चाहन्छु। त्यो कहाँ छ? आफ्नो चर्च कहाँ छ भनेर त्यस मानिसले उनलाई जवाफ दियो। त्यो शनिबारको दिन मनसुरत स्कुल जानुपर्ने भएतापनि स्कुलमा नगएर छिमेकीको चर्चमा गइन्। चर्चका अरू विश्वासीहरू त्यस मानिस जस्तै दयालु र मित्रवत छन् कि भनेर जान्न पनि उनलाई उत्सुकता भएको थियो।

चर्चको विश्वासीहरूले उनलाई न्यानोसँग स्वागत गरे। आफ्नो मस्जिदमा गरिने सेवाकार्यभन्दा चर्चको सेवाकार्य अत्यन्त फरक भएतापनि चर्चको सेवाकार्य उनलाई रमाइलो लागेको थियो। हरेक शनिवार मनसुरत स्कुल जान युनिफर्म लाउथिन् तर उनी स्कुलको सट्टा चर्चमा जान्थिन्। चर्चको सेवाकार्यको समाप्ति उनको क्लास सकिने बेलामा नै हुन्थ्यो। उनको आमाबाबुले मनसुरत स्कुलको सट्टा चर्च गएको भन्ने कुरालाई कहिल्यै पनि थाहा पाएनन्।

मनसुरतले बाइबल पाइन् र पढ्न थालिन्। अरू इसाईहरूले जस्तै उनले प्रार्थना गर्न थालिन्। उनलाई असल जीवन  दिन परमेश्वरसँग सहायता मागिन्। उनी कुनै न कुनै किसिममा चकचके थिइन्। तर छुट्टीपछि बोर्डिङ्ग स्कुल फर्किने बेलामा उनका गुरू र होस्टेलका संचालकले उनी फरक भएको देखुन् भन्ने उनको ठूलो चाहना थियो।

स्कुल फर्केपछि एडभेन्टिस्ट चर्च स्कुलबाट जाँदा एक घन्टा लाग्छ भनेर थाहा पाइन्। शनिबार बिहान सबेरै उठिन् र बसबाट चर्चमा गइन्। शनिबार दिनभरिजसो उनी चर्चका सदस्यहरूको बीचमा बिताइन्थिन्। उनी स्कुलमा शनिबार बेलुका मात्र फर्कन्थिन्। स्कुल चलेको वर्ष सिद्धिनुभन्दा पहिले उनले येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गरिन् र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिन उनले अनुरोध गरिन्।